# तिनाउ गाउँपालिका
Tinau Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive

पत्र संख्या /Letter No.:- ०८१/०८२
चलानी नं /Ref. No.:- १३२२

दोभान, पाल्पा
Dobhan, Palpa
स्था : २०७३ / Estd. 2017 A.D.

लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal


मितिः-२०८१/१२/०८
ने.स.११४५ चिल्लागा ७ शुक्रवार

श्री व्यवसायिक कीट विकास केन्द्र
हरिहरभवन,ललितपुर ।

विषयः- आ.व.०८२/०८३ को लागि प्रस्ताव पेश गर्ने सम्वन्धमा ।

उपरोक्त सम्बन्धमा यस तिनाउ गाउँपालिका अन्तर्गतका विभिन्न वडाको विभिन्न क्षेत्रमा परम्परागत तथा आधुनिक मौरी पालन गर्दै आएकोमा उक्त क्षेत्रलाई मौरी पालन पकेटको रुपमा विकास गर्न र मौरी जन्य उत्पादनको वृद्धि विकासको निम्ति तथा च्याउ खेति प्रवर्द्धनको लागि कृषक स्तरवाट सालवसाली रुपमा कार्यक्रमहरु माग हुँदै आएको व्यहोरा अवगत गराउदै उक्त कार्यक्रमहरुको माग यस पालिकाको श्रोत पूँजीबाट सम्वोधन गर्न नसकेको हुनाले त्यहाँ केन्द्रबाट यस गाउँपालिकाको आ.व.०८२/०८३ को वार्षिक कार्यक्रम अन्तर्गत समेट्ने गरि च्याउ खेति प्रवर्द्धन तथा मौरी पालन प्रवर्द्धन कार्यक्रम संघीय सशर्तको रुपमा उपलब्ध गराई सहयोग गरि दिनुहुन अनुरोध छ ।

साथै च्याउ खेति प्रवर्द्धन तथा मौरी पालन प्रवर्द्धन कार्यक्रमको प्रस्तावना यसै पत्रसाथ संलग्न गरि पठाईएको व्यहोरा अनुरोध छ ।

अध्यक्ष
तिनाउ गाउँपालिका
दोभान,पाल्पा

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका


Email: tinaururalmunicipality@gmail.com
Phone No: 075-413064 / 65

# व्यवसायिक किट विकास केन्द्र

## (तिनाउ गाउँपालिका दोभान,पाल्पाको कार्यक्रम प्रस्तावना)

१. कार्यक्रमको नाम :- मौरीपालन प्रवर्द्धन कार्यक्रम

| क.स. | कार्यक्रम विवरण | |
|---|---|---|
| १ | कार्यक्रम पेश गर्ने स्थानीय तहको नामः- | तिनाउ गाउँपालिका |
| २ | ठेगाना :- | दोभान,पाल्पा |
| ३ | कार्यक्रमको नाम :- | मौरी पालन प्रवर्द्धन कार्यक्रम |
| ४ | कुल लागत रु.:- | रु.३००००००।(अक्षरेपि रकम तिस लाख मात्र) |
| ५ | कार्यक्रमको विपयक्षेत्र :- | मौरी पालन |
| ६ | कार्यक्रम कार्यन्वयनको लागि जिम्मेवार स्थानीय तहको शाखा :- | कृषि विकास शाखा |
| ७ | प्रस्तावित लाभान्वित जनसंख्याः- | १५० |
| ८ | फोन/फ्याक्स/इमेल | tinaururalmunicipality@gmail.com / 9864938929 |

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

२. **कार्यक्रमको पृष्ठभूमिः-** तिनाउ गाउँपालिका, नेपाल राज्यको पुनःसंरचना सँगै नेपाल राज्यको लुम्बिनी प्रदेश अन्तर्गत पाल्पा जिल्लाको १० स्थानीय तह मध्येको एक गाउँपालिका हो। यस गाउँपालिका साबिकको ४ वटा गा.वि.स. कचल, दोभान, कोलडाँडा, मस्याम, मिलेर बनेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल २०२ वर्ग कि.मी रहेको छ। यहाँ करिब ४२०१ घरधुरि र १७७७७ जनसंख्याको बसोवास रहेको छ। पहाडी भू-भाग रहेको यस गाउँपालिको प्रमुख पेशाको रुपमा कृषि रहेको छ। कृषि क्षेत्रमा संलग्न जनसंख्या ८०.९ प्रतिशत रहेको छ। गाउँपालिकाको कूल क्षेत्रफल मध्येको १७.६ प्रतिशत कृषियोग्य जमिन रहेको छ। तिनाउ गाउँपालिकाका धेरै किसान परम्परागत कृषि प्रणालीमा निर्भर छन। ति किसानहरुलाई प्रविधियुक्त,जैविक तथा दिगो कृषि प्रणालीमा रुपान्तरण गर्न अनुदान प्राप्त गर्ने उद्देश्यले यो प्रस्ताव पेश गरिएको छ।

३. **कार्यक्रमको उद्देश्य :-** यस कार्यक्रमबाट मौरी प्रवर्द्धन नीति २०७४ तथा नेपाल असल मौरी पालन अभ्यास कार्यन्वयन निर्देशिका २०७४ अनुरुप यस तिनाउ गाँउपालिकाको निर्वाहमुखी मौरीपालन प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक मौरीपालन प्रणालीद्वारा मौरी मह तथा मौरी जन्य अन्य उपजको उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरि कृषकहरुलाई मौरीपालनको क्षेत्रमा आत्मनिर्भर तथा गरिवी निवारण गर्न तपसिलको उदेश्य रहेको छ ।

- मौरी चरनको सुधार, सुदृढीकरण र समुचित प्रयोग,गोला व्यवस्थापन,आवश्यक पुँजी पुर्वाधार,प्राविधिक ज्ञान र सीपमा मौरीपालकहरुको पहुँचमा अभिवृद्धि गर्नुको साथै उपझारुको विविधिकरण गर्ने ।
- रैथाने र स्थानीय मौरिहरुको संरक्षण सम्बर्द्धन गर्ने र मौरी गोला संख्यात्मकं वृद्धि गरि परागसेचन सेवाको वृद्धि गर्ने ।
- गोला व्यवसायलाई थप वृद्धि गर्ने ।
- मौरीपालनलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक कृषि प्रणालीको आधारमा मौरी गोला,मह,मैन,कुट,घार निर्माण आदि उत्पादनको बजारमा प्रतिस्पर्धा बढाउने ।
- रासायनिक विषादी निरुत्साहित गरि घरायसी स्रोत साधनको उपयोग, प्राकृतिक स्रोत, जैविक विविधताको संरक्षण, सम्वर्धन एवं सदुपयोग गर्ने ।
- मौरीपालनको लागी आवश्यक पर्ने चरन क्षेत्रको विस्तार गर्न ।
- कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न ।
- यस तिनाउ गाउँपालिकालाई मौरी पालनको लागि हब को रुपमा विकास गर्न ।
- तिनाउ गाँउपालिकामा कृपिमा आश्रित गरिब, तथा अति गरिबीको आयस्तरमा वृद्धि गरी उनीहरुको जीविकोपार्जनमा सहयोग गर्ने ।
- साना कृषकहरुलाई अनुसन्धानबाट विकास भएको नविनतम प्रविधि हस्तान्तरण तथा प्राविधिक सहयोग गर्न ।
- यस तिनाउ गाउँपालिका अन्तर्गत कृषि क्षेत्रमा महिला सहभागिता बढि भएको हुनले महिला लाई आत्मनिर्भर बनाउन।

४. **कार्यक्रम कार्यान्वयन गर्न पर्ने आवश्यकता र प्राथमिकताको तथ्यपुरक पुष्टयाईः-**

हेमन्त कुमार ...
... विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

यस तिनाउ गाँउपालिकामा कुल जनसंख्याको ८०.९% कृषकको जनसंख्या रहेको छ । तिनाउ गाँउपालिकाको कुल २०२ वर्गकिलोमिटर क्षेत्रफल मध्ये १७.६ वर्ग किलोमिटर खेतीयोग्य जमिन रहेको छ । यस तिनाउ गाँउपालिका भित्र कुल ८५ जना मौरीपालक कृषकले लगभग ७०० घारमा मौरी पाल्दै आएको तथा विधिवत रुपमा दर्ता रहेका ३ वटा मौरी घार उद्योग, कृषक समुह कुल ८७ वटा, कृषि सहकारी १३ वटा, तथा ९० वटा कृषिसंग सम्बन्धि फार्महरुको आवश्यकता तथा माग अनुरुप तिनाउ गाउँपालिकाको स्थानीय स्रोतपुंजीबाट पूर्णरुपमा सम्बोधन हाल सम्म गर्न नसकिएको हुँदा गाउँपालिकाको नीति अनुरुप खेति योग्य बाझोजग्गा उपयोग,वजार संजालको विस्तार, सिंचित क्षेत्रविस्तार, चरन क्षेत्र विस्तार र कृषिमा आश्रित गरिबी निवारण तथा रोजगार वृद्धि गर्न सकिएको छैन। यस तिनाउ गाँउपालिकाको ६ वटै वडाको कृषि क्षेत्रको आवश्यकता भित्र भिन्न भौगोलिक क्षेत्रको आधारमा फरक फरक वाली बस्तुको क्षेत्र विस्तार तथा प्रवर्द्धन गर्ने कार्यक्रम बिगतको आर्थिक बर्षहरु बाट माग हुदै आएको छ ।

**यस कार्यक्रमको आवश्यकताहरु तपसिलका छन् ।**

- एपिस सेरेनाको संरक्षण र प्रजातीय सुधार गरि मौरी गोला विस्तार गर्न ।
- मौरी चरन क्षेत्रको सर्वेक्षण गरि चरण क्षेत्र तोक्न ।
- मौरी पालकहरु आफ्नो सेरोफेरोमा उत्कृष्ट मौरी चरन हुने वनस्पति लगाउन प्रोत्साहन गर्न ।
- मह उत्पादन ,विकासमा असल मौरी पालन अभ्यास अवलम्बन गर्नको लागि प्रोत्साहित गर्न ।
- मह उत्पादन, संकलन, प्रशोधन, ओसार पसार भण्डारण गर्ने उद्यमीहरुको लागि औजार उपकरण भाडा वर्तनमा प्रोत्साहन अनुदान दिन ।
- परम्परागत उत्पादनका अतिरिक्त पर्याप्त पुर्वधार तथा प्रविधि हस्तान्तरणको लागि मौरीपालन सम्वन्धी तालिमका अवसरहरु प्रदान गर्न ।
- महको भौतिक तथा वनस्पतिक स्रोतको मौरीको प्रजाति र मह काढ्ने विधिको आधारमा महलाई लेवलिंग गर्न कृषकलाई प्रोत्साहन गर्न ।
- तुलनात्मक लाभका आधारमा मौरिपालनको विकास र विस्तारमा सघनता र तीव्रता ल्याउन विधमान अनुदानको स्तर वृद्धि गर्न ।
- रानी उत्पादन ,वैंकिंग र आपूर्ति गर्न गर्न चाहने क्षमतावान उत्साही उधमिहरुलाई रानी व्यवस्थापन सामाग्री आयात गर्न र व्यवसाय स्थापना गर्न विशेष अनुदान सहित प्रोत्साहित गर्न।

५. **कार्यक्रममा सहभागी हुन सक्ने सम्भावित लाभग्राहीको बिस्तृत विवरणः**


तिनाउ गाउँपालिकाको कार्यालयले आ.ब.२०८०/०८१मा गरेको किसन सूचीकरणको प्राप्त तथ्यांक अनुसार यस गाउँपालिका भित्र कुल ३२५३ कृषक घर परिवारको संख्या रहेको छ यस प्रस्तावना मार्फत आउने कार्यक्रमहरुबाट तपसिल बमोजिमको वडागत लाभग्राही हुने छन ।

| क्र.स. | वडा नम्बर | जम्मा कृषक घरधुरी | कैफियत |
|---|---|---|---|
| १ | १ | ९१७ | |

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

| | | | |
|---|---|---|---|
| २ | २ | ५६७ | |
| ३ | ३ | ४७८ | |
| ४ | ४ | ३९७ | |
| ५ | ५ | ४८४ | |
| ६ | ६ | ६९१ | |
| | जम्मा | ३५३४ | |




६. यस कार्यक्रमले प्रत्यक्ष योगदान पुर्याउने बुंदाहरुः

क) दिगो विकासको लक्ष्यः-

- दिगो विकासको लक्ष्य नं. १ गरिवी अन्त्य हुनेछ ।
- दिगो विकासको लक्ष्य नं. २ भोकमरी अन्त्य हुनेछ ।
- दिगो विकासको लक्ष्य नं. ३ स्वास्थ्य जीवनको सुनिश्चितता हुनेछ ।
- दिगो विकासको लक्ष्य नं. १२ दिगो उपयोग र उत्पादन ।
- दिगो विकासको लक्ष्य नं. १३ जलवायु परिवर्तनको प्रभाव न्यूनिकरण ।
- दिगो विकासको लक्ष्य नं. १५ दिगो पर्यावरणिय प्रणाली ।

दिगो विकासका यी लक्ष्यहरु पुरा गर्नको निमित्त यो कार्यक्रम गर्न अत्यावश्यक छ ।

जलवायु परिवर्तनको प्रभाव न्यूनिकरण

ख) १६ औ योजनाः-

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
विनाउ गाउँपालिका

- १६ औ योजनाले राखेको योजना अवधिको औषत लक्ष्य अनुरुप आर्थिक बृद्धिदर ७.१% कृषि क्षेत्रको आर्थिक बृद्धिदर ४.०% गैर कृषि क्षेत्रको आर्थिक बृद्धिदर ८.०% योगदान पुर्याउने लक्ष्य पुरा गर्नको लागी यो कार्यक्रम अत्यावश्यक छ।

**ग) लुम्बिनी प्रदेशको आवधिक योजनाः-**

योजनाले परिदृश्य गरेको सोच तथा लक्ष्य प्राप्त गर्न कृषि क्षेत्रमा देहाय बमोजिमका उद्देश्य निर्धारण गरेको छ ।

- कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि लक्षित वृहत रोजगारी र उद्यमशिलताको बिकास गर्ने उद्देश्य लिएकोले यो कार्यक्रम अत्यावश्यक छ ।

**घ) तिनाउ गाउँपालिकाको आवधिक योजनाः-**

गाउँपालिकामा रहेको कुल क्षेत्रफल मध्ये १७.६ वर्ग कि.मि खेतीयोग्य जमिन रहेको छ । सिंचित जमिनको सही र पूर्ण सदुपयोग नहुँदा खाद्यान्न, तरकारी, अमृसो, तेजपात, वेसार र अन्य कृषिजन्य उपजहरू आयात गर्नुपर्ने हुन्छ जसले गर्दा परनिर्भरता बढ्न जान्छ । तसर्थ गाउँपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सबल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रवद्र्धन गर्न सकिन्छ । नदी किनारतर्फको वेसी क्षेत्र, मध्य खण्ड, उच्च पहाडी भागमा विभाजित रहेको यो गाउँपालिकाको कृषि क्षेत्र प्रत्येक वडाहरूमा फैलिएको छ । गाउँपालिकाको वेसी क्षेत्रमा वालुवा र पाँगो मिश्रीत उर्वर माटो पाइन्छ भने विभिन्न वडामा छरिएर रहेका स– साना तथा फाँटहरूजस्तै कचल, दोभान, झुम्सा, सत्यवती, कोलडाडा, मस्याम लगायतको उर्वर फाँटहरू हुन । गह्रा खेती गर्न सकिने विभिन्न वडाहरूमा रहेको केही भिरालो खेतीयोग्य जमिनमा केहिमात्रामा प्राङगारिक पदार्थ मिश्रित चिम्टाइलो, दोमट तथा चट्टानका टुक्रा मिश्रित माटो पाइन्छ र गह्रा खेती गर्न सकिने केही भिरालो खेतीयोग्य जमिनमा केहिमात्रामा प्राङ्गारिक पदार्थ मिश्रित चिम्टाइलो, दोमट तथा चट्टानका टुक्रा मिश्रित माटो पाइन्छ । यी क्षेत्रहरूमा समान प्रकृतिको भू-बनोट नभएकाले जलवायु अनुकूल माटोको प्रकृति अनुसार वालीनाली तथा फलफूल र तरकारीको खेती सघन रूपमा गर्नु उपयुक्त देखिन्छ । साथै यो गाउँपालिका यी सवै क्षेत्रहरूमा पशुपालनसमेतको राम्रो सम्भावना रहेको पाइन्छ ।त्यस कारण यो कार्यक्रम अत्यावश्यक छ।

७. **सघं, स्थानिय तह र सेवाग्राही को लगानीको अनुपात र दोहोरो नपर्ने आधारः-**

प्रस्तावित कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने संघीय ऐन,नियमावली,निर्देशिका तथा कार्यविधिमा उल्लेख भए अनुसार कार्यक्रम संचालन गरिनेछ ।

**दोहोरो नपर्ने आधारः-**

- हालसम्म यस स्थानिय तहमा संघ, प्रदेश र स्थानिय तह बाट संचालन हुदै आएका तथा संचालनको क्रममा रहेका कृषि संग सम्बन्धित कार्यक्रमको लागी संघ, प्रदेश र स्थानिय तहको आपसि समन्वय र सहकार्यमा संचालन गर्ने गरेको र आगमी कार्यक्रम पनि सोही अनुरुप संचालन गर्दा दोहोरोपना नपर्ने गरि संचालन गरिनेछ ।

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

८.    कार्यक्रम कार्यान्वयन गर्न सक्ने भौतिक क्षमता वा जनशक्तिः

क) भौतिक क्षमताः

- यस तिनाउ गाउँपालिका भित्रका सबै वडाहरुमा अत्यावश्यक पुर्वाधार जस्तै सडक, विजुली बत्ति, सिचाई सुबिधा पुगेको साथै उत्पादित उपजको बिक्री तथा बजारिकरणको लागी सबै वडामा संकलन गरि तिनाउ कृषि उपज संकलन तथा बिक्री केन्द्र मार्फत बिक्री बितरण गर्ने व्यवस्था गरिएको छ । कार्यालय संचालनका लागि आवश्यक पर्ने सम्पुर्ण पुर्वाधारको व्यवस्था यस पालिकाले गरेको छ ।

ख) जनशक्तिः

कृषि तर्फ

१)  प्राविधिक सहायक – २ जना स्थायी
२)  नायव प्राविधिक सहायक – १ जना स्थायी
३)  नायव प्राविधिक सहायकं – २ जना अस्थायी

१०.कार्यक्रम कार्यन्वयनको चुनौती र आईपर्नसक्ने जोखिम न्यूनीकरणका उपायः-
१०.१ चुनौती तथा जोखिम

क) नीतिगत चुनौती :
संघ तथा स्थानीय तहको नीति अनुरुप कार्यविधि,निर्देशिकाहरु कृषि क्षेत्रमा कार्यक्रमहरु कार्यन्वयन गर्न वृहत निर्देशन भएको हुँदा र लाभग्राहीहरुको लागि कागजी प्रक्रिया झन्झटिलो रहेकोले बुझाउन चुनौती रहेको छ ।

ख) भौगोलिक विकटता :
यस तिनाउ गाउँपालिकाको भौगोलिक क्षेत्र हेर्दा चुरे,भवार,पहाडी क्षेत्रको बनावट रहेको छ । यस स्थानीय तहमा कृषि सडकको पहुच कृषि योग्य क्षेत्रहरुमा न्यून रहेको छ

ग) कृषक लाभग्राहीको शैक्षिकस्तर न्यून/ मध्यम बर्गीय :
यस स्थानीय तहमा कुल जनसंख्याको ८०.९% कृषकहरु रहेकोमा अधिकांश कृषकहरुको शैक्षिकस्तर हेर्दा प्राथमिक तहका अथवा अशिक्षित वर्गहरुको कृषिमा संलग्नता बढी देखिन्छ ।यस गाउँपालिकाका कृषिमा संलग्न कृषकहरु न्यून आयस्तरका,महिलाको बाहुल्यता रहेको मध्यम बर्गीय परिवार रहेको छ ।

घ) परम्परागत खेति प्रणालीको प्रवृत्ति :
यस गाउँपालिका अन्तर्गतका मध्यम बर्गीय परिवारहरुको कृपकहरु भएकाले आधुनिक तथा व्यवसायिकखेति प्रणाली भन्दा परम्परागत तथा देखासिको खेतीमा बढी संलग्नता देखिन्छ । यस स्थानीय तहमा पछिल्लो वर्गको कृपक संख्या अधिक रहेको छ ।

ङ) आकाशे पानीको बढी निर्भरता :

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

यस तिनाउ गाउँपालिकाको कुल खेति योग्य जमिन मध्ये करिब २९% जमिनमा मात्र वर्षेनी सिंचाई योग्य रहेको छ । तसर्थ यस गाउँपालिकाका अधिकांश कृषकहरु आकाशे पानीको भरमा रही खेति गर्न बाध्य रहेका छन् फलस्वरूप बाली सघनता कम हुनुको साथै सोचे जस्तो कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सकिएको छैन ।

**च) कृषि प्रसारको पहुँचमा कमि :**

यस स्थानीय तहको नीति तथा संघीय नीति अनुरुप कृषकहरुलाई कृषि प्रसार कार्यक्रममा शतप्रतिशत समावेश गर्ने सोच भएपनि स्थानीय तहको अन्तरिक बजेटको आभाव र संघीय कार्यक्रमको कमीले गर्दा कृषि प्रसारको पहुँचमा कृषकहरुलाई समावेश गर्न सकिएको छैन ।

**छ) बाली बस्तु उत्पदनोपरान्त प्रबिधि कृषकले अपनाउन नसक्नु :**

कृषकहरुले बजारको माग अनुसार आफ्नो उपजलाई प्रशोधन, पैकेजिंग, ग्रेडिंग तथा भण्डारण गर्न नसक्दा बेमौसममा बजार उपलब्धता पाउन सकेका छैनन् फलस्वरूप कृषि उपजको उचित मूल्य नपाएर व्यवसायिक बन्न सकिराखेका छैनन् ।

**ज)खेति योग्य जमिनको खण्डीकारणः**

राष्ट्रिय कृषि नीति २०६१ अनुरुप खण्डित खेति योग्य जमिनलाई चक्लावन्दी,सामुहिक खेति प्रणाली,तथा भुमि वैंकको मोडल अनुरुप जमिनको बाली सघनता तथा उत्पादकत्व बढाउन सकिराखेको छैन ।

**झ) रैथाने बाली वस्तु जोगाउने सकस :**

रैथाने बाली वस्तुको उत्पादकत्व कम भएको तथा रोग र किराको प्रभाव बढी पर्ने भएको हुँदा कृषकहरुले रैथाने जात तथा बालीको खेति गर्नुको सट्टा उन्नत तथा वर्णशंकर जात बाली वस्तुको जातमा बढोत्तरी वर्षेनी गर्दै गरेका छन् फलस्वरूप रैथाने जात जोगाउन चुनौती रहेको छ ।

**ञ) बढदो रोग तथा किराको प्रकोप :**

जलबायु परिवर्तनको असरले आजभोली वाली वस्तुमा नविन रोग तथा कीराको प्रभाव वढ्दो क्रममा देखिन्छ। जसले गर्दा कृषकहरुको लागत वढेर आम्दानीमा कमी हुन् गई कृषकहरु कृषिको वैकल्पिक पेशामा निर्भर पर्न परेको छ।

**ट) घरायसी तथा प्राकृतिक स्रोतको सदुपयोगमा कमी :**

कृषकहरुको लागत घटाउनको लागि स्थानीय स्तरमा उपलब्ध हुने घरायसी, प्राकृतिक स्रोतको समुचित सदुपयोग हुन् सकेको छैन । जसले गर्दा कृषकको आम्दानी र लागतको अनुपात बीच फरक कम देखिन्छ।

**१०.२ चुनौती जोखिम न्यूनीकरणका उपायहरुः-**

**क) नीतिगत प्रष्टता :-**

कार्यक्रम कार्यान्वयनको कार्यविधि बनाउँदा संघ,प्रदेश,स्थानीयको समन्वय गरि प्रक्रियामुखी नबनाई कृषकमैत्री तथा कार्यान्वनको सरल तथा सहजप्रक्रियाबाट कार्य सम्पादन हुन सक्ने कार्यविधि बनाउनु पर्छ । कुनै ऐन, नियमावली , कार्यविधि तथा निर्देशिका संघ, प्रदेश, स्थानीयको बाझिएमा संघीय नियम अनुसार कार्यान्वयन हुनेछ ।

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

ख) भौगोलिक विकटताको सदुपयोग गर्ने :-

भौगोलिक विकटतालाई मध्येनजर राखी कृषि सडक सञ्जालको विस्तार गरि सम्भाव्यता अध्ययनको आधारमा ठाउँ विशेष बाली वस्तुको पकेट क्षेत्र निर्माण गरि उत्पादन उत्पादकत्व वृद्धि गर्न सकिन्छ साथै भौगोलिक बाताबरणमा सुहाउदो बाली जातको प्रयोग गर्न सकिन्छ ।

ग) कृषक लाभग्राहीको शैक्षिकस्तर वृद्धिको कार्यक्रम बनाउने :

कार्यक्रम अनुसारको बाली बस्तु उत्पादन गर्नको लागि आवश्यक पर्ने न्युनतम ज्ञान प्रविधिहरु कृषकको आवश्यकता अनुसार अभिमुखीकरण तालिम,प्रविधि प्रदर्शन,कृषक पाठशाला आदिको माध्यमबाट कृषकहरुको ज्ञान, सिप र धारणामा सकारात्मक परिवर्तन आउने खालको श्रव्य दृश्य सामग्रीको प्रयोग गरि कृषकको अनौपचारिक शैक्षिकस्तरमा वृद्धि गर्न सकिन्छ ।

घ) आधुनिक खेति प्रणालीको विकास गर्ने :

यस तिनाउ गाउँपालिका भित्र प्रचलित परम्परागत खेति प्रणालीलाई अभिमुखीकरण तालिम,प्रविधि प्रदर्शन,कृषक पाठशाला आदि प्रसारका मध्यम अपनाई अनुसन्धानवाट विकसित भएका नविनतम प्रविधिहरु कृषकलाइ हस्तान्तरण गराई व्यवसायिक र बजारमुखी खेति प्रणालीमा रुपान्तरण गर्न सकिन्छ ।

ङ) आकाशे पानीको बढी निर्भरता घटाउने :

यस गाउँपालिका भित्र सिंचाईका विभिन्न प्रविधिहरु जस्तै आकाशे पानी संकलन,स्प्रिकल सिंचाई,थोपा सिंचाई,प्लास्टिक पोखरी, मल्चिंग प्लास्टिक कुलोको निर्माण गरि सम्भवतः सवै खेति योग्य जमिनमा वर्षेनी सिंचाईको प्रायोग गरि सिंचित क्षेत्र विस्तार गर्ने ।

च) कृषि प्रसारको फैलावटमा वृद्धि गर्ने :

सरकारी निकायवाट संचालनहुने कार्यक्रमहरुमा कृषकको पहुँच हालको परिपेक्षमा झन्डै २०% मात्र रहेको देखिन्छ । कागजी प्रक्रियालाई सहज तथा सरल बनाई डिजिटल प्रविधिको उपयोगमा वृद्धि गराई सूचना तथा जानकारीहरु कृषकको घर आँगनमा पुर्याउन सफ्टवेयरको निर्माण गरि कृषक मैत्री प्रसार प्रविधिको उपयोग गर्नु पर्छ ।

छ) बाली वस्तु उत्पदनोपरान्त प्रविधि कृषकलाई हस्तान्तरण गर्ने :

निर्वाहमुखी कृषि प्रणालीलाई बजारमुखी तथा व्यवसायिक खेति प्रणालीमा रुपान्तरण गर्न कृषकहरुलाई पायक पर्ने ठाउँमा भण्डार निर्माण,क्यारेट वितरण,संकलन केन्द्र निर्माण,कृषि एम्बुलेन्सको प्रयोग,बाली वस्तुको लेवलिङ्ग,ग्रेडिंग,पैकेजिंग तथा उपजलाई बजारमुखी बनाई मूल्य अभिबृद्धि गर्नुको साथै कृषकको आम्दानीमा वृद्धि गर्न सकिन्छ ।

ज)खेति योग्य जमिनको खण्डीकारणलाई एकीकृत गर्न :-

यस तिनाउ गाउँपालिका क्षेत्र भित्र टुक्रिएर रहेका खेति योग्य जमिनलाई भू-उपयोग नीति २०७२ अनुसार जमिनको वैज्ञानिक व्यवस्थापन प्रणाली द्वारा चक्लाबन्दी खेति तथा सामुहिक खेति गरि खेर गईरहेको जमिनको उपयोगमा जोड दिई बालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न सकिन्छ ।

झ) रैथाने बाली वस्तु प्रवर्द्धन :

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

८

यस स्थानीय भित्र रहेका रैथाने बालीहरु जस्तै : लग्दुवाली आलु,कालो झिनुवा धान,कोदो,फापर आदि बाली बस्तुको जिन बैंक तथा फिल्ड जिन बैंक कृषकस्तरमा निर्माण गरि रैथाने जात र बालीको संरक्षण तथा सम्बर्द्धन गरि रैथाने बाली बस्तु जोगाउन सकिन्छ ।

ञ) रोग तथा किराको व्यवस्थापन :

मौरिमा लाग्ने रोग तथा किराहरुको सर्बे सर्भिलेन्स गरि प्रभावित क्षेत्रहरु लाई आर्थिक मितव्ययितालाई ख्याल गरि नियमित घार अबलोकन निरिक्षण, गरि मौरिमा लाग्ने रोगकिराको प्रभावलाई घटाउन सकिन्छ ।प्रस्तावित कार्यक्रम संचालन गरिने क्षेत्रहरुमा बाली बस्तुहरुमा प्रयोग हुने रासायनिक बिषादीलाई निरुत्साहित गरि जैविक तथा घरायसी स्रोत साधनको उपयोग गरेर मौरिमा असर नपर्ने गरि बाली संरक्षण बिधिहरु अवलम्वन गर्ने ।

ट) घरायसी तथा प्राकृतिक स्रोतको सदुपयोग बढाउने :

स्थानीय स्तरमा उपलब्ध स्रोत सामग्री जस्तै गोठेमल,भान्सावाट निस्केको कुहिन सक्ने बस्तु, पानी,गाई बस्तुको मलमुत्र,गन्ध आउने झारपात वाट गीति मल वनाएर बाली संरक्षण गर्न आदि कार्यहरु गरेर घरायसी तथा प्राकृतिक स्रोतको सदुपयोग गर्न सकिन्छ ।

११.कार्यक्रम अनुगमन र मुल्यांकन व्यवस्थाः

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ को ४ को (ख) ५ वमोजिम स्थानीय तहमा गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित पालिका स्तरीय अनुगमन समिति मार्फत कार्यक्रम कार्यान्वयन हुनु भन्दा अगाडी,कार्यक्रम संचालन अवधि तथा कार्यक्रम सम्पन्न पश्यात कार्यक्रमको अनुगमन र मुल्यांकन गर्ने व्यवस्था भए अनुसार गरिनेछ ।

१२. कार्यक्रम दिगो रुपमा संचालन गर्ने आधारहरु

यस कार्यक्रमको दिगोपन हुन् सक्ने तपसिलका आधारहरु लिन सकिन्छ।

- कानुनी आधार :

  संघीय ऐन, नियमावली, कार्यविधिहरु अनुसार संघ, प्रदेश, स्थानीय तहको समन्वयमा कार्यक्रमको अनुगमन, कार्यक्रम कार्यान्वयन, नियमन हुने भएको हुदा कार्यक्रमको कार्यविधिमा तोकिएको लक्ष्य हासिल गर्न, गराउन तिनाउ गाँउपालिकाको कार्यालय अन्तर्गतको कृषि विकास शाखा लगायत सम्वन्धित शाखा तथा सरोकारवालाहरुको प्रत्येक्ष निगरानीमा कार्यक्रम संचालन हुने छ ।

- प्राबिधिक आधारः

  यस तिनाउ गाँउपालिकाको कार्यालय अन्तर्गतको कृषि विकास शाखा अनुसारको कर्मचारीहरु उपलब्ध रहेको तथा आवश्यकता अनुसार प्रदेश, संघीय कार्यालयबाट प्राबिधिक सेवा लिन सक्ने प्रशस्त आधार रहेको देखिन्छ ।

- उपजको बजारीकरणको आधार :

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

❖ **उपजको बजारीकरणको आधार :**

यस तिनाउ गाँउपालिकाको स्वायत्त सँस्थाको रुपमा स्थापित कृषि उपज संकलन तथा बिक्रि केन्द्रमा बिक्रि गर्ने सुनिचित गरिएकोले कृषक उत्साहित भएर कृषि उपजको उत्पादन, उत्पादकत्व बढाउन कृषकहरु कार्यक्रमलाई दिगो बनाउन सक्छन ।

❖ **यन्त्रीकरणको आधार :** यस कार्यक्रम संचालन पश्यात साविकको भन्दा केहि थप कृषि जन्य यन्त्र उपकरणहरु कृषकको पहुँचमा वृद्धि भएको हुनाले यन्त्र उपकरणको उपयोगमा वृद्धि भई कृषकको प्रत्यक्ष लागत घट्छ फलस्वरूप कृषकहरु दिगो रुपमा खेति संच्चालन गर्छन ।

कृषि शाखा प्रमुखः-
नामः-हेमन्त कुमार शर्मा
दस्तखतः
मितिः- २०८१।१२।०८
हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रमुख वा अध्यक्षको :-
नामः-प्रेम श्रेष्ठ
दस्तखतः
मितिः- २०८१।१२।०८
प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

# व्यवसायिक किट विकास केन्द्र

## (तिनाउ गाउँपालिका दोभान,पाल्पाको कार्यक्रम प्रस्तावना)

| क.स. | कार्यक्रम विवरण | |
|---|---|---|
| १ | कार्यक्रम पेश गर्ने स्थानीय तहको नाम:- | तिनाउ गाउँपालिका |
| २ | ठेगाना :- | दोभान,पाल्पा |
| ३ | कार्यक्रमको नाम :- | च्याउ खेति प्रवर्द्धन कार्यक्रम |
| ४ | कुल लागत रु.:- | रु.३००००००।(अक्षरेपि रकम तिस लाख मात्र) |
| ५ | कार्यक्रमको विषयक्षेत्र :- | च्याउ खेति |
| ६ | कार्यक्रम कार्यन्वयनको लागि जिम्मेवार स्थानीय तहको शाखा :- | कृषि विकास शाखा |
| ७ | प्रस्तावित लाभान्वित जनसंख्या:- | १५० |
| ८ | फोन/फ्याक्स/इमेल | tinaururalmunicipality@gmail.com / 9864938929 |



हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

१. **कार्यक्रमको नाम :-** च्याउ खेति प्रवर्द्धन कार्यक्रम

२. **कार्यक्रमको पृष्ठभूमिः-** तिनाउ गाउँपालिका, नेपाल राज्यको पुनःसंरचना सँगै नेपाल राज्यको लुम्बिनी प्रदेश अन्तर्गत पाल्पा जिल्लाको १० स्थानीय तह मध्येको एक गाउँपालिका हो। यस गाउँपालिका साबिकको ४ वटा गा.वि.स. कचल, दोभान, कोलडाँडाँ, मस्याम, मिलेर बनेको छ । यस गाउँपालिकाको कुल क्षेत्रफल २०२ वर्ग कि.मी रहेको छ। यहाँ करिब ४२०१ घरधुरि र १७७७७ जनसंख्याको बसोवास रहेको छ। पहाडी भू-भाग रहेको यस गाउँपालिको प्रमुख पेशाको रुपमा कृषि रहेको छ। कृषि क्षेत्रमा संलग्न जनसंख्या ८०.९ प्रतिशत रहेको छ। गाउँपालिकाको कूल क्षेत्रफल मध्येको १७.६ प्रतिशत कृषियोग्य जमिन रहेको छ। तिनाउ गाउँपालिकाका धेरै किसान परम्परागत कृषि प्रणालीमा निर्भर छन। ति किसानहरुलाई प्रविधियुक्त,जैविक तथा दिगो कृषि प्रणालीमा रुपान्तरण गर्न अनुदान प्राप्त गर्ने उद्देश्यले यो प्रस्ताव पेश गरिएको छ।

३. **कार्यक्रमको उद्देश्य :-** यस कार्यक्रमबाट तिनाउ गाँउपालिकाको निर्वाहमुखी च्याउखेति प्रणालीलाई व्यवसायिक एवं प्रतिस्पर्धात्मक च्याउखेति प्रणालीद्वारा बिभिन्न प्रजातिको च्याउको उत्पादन तथा उत्पादकत्व बढाउन र उच्च एवं दिगो आर्थिक वृद्धि हासिल गरि कृषकहरुलाई च्यांउखेतिको क्षेत्रमा आत्मनिर्भर तथा गरिवी निवारण गर्न तपसिलको उदेश्य रहेको छ ।

- उन्नत प्रविधिको प्रयोगबाट च्याउको खेतीको दायरा विस्तार तथा सुदृढीकरण द्वारा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने ।
- यस तिनाउ गाउँपालिकाको च्याउ खेतीको क्षेत्रमा आयात प्रतिस्थापन गरि आत्मनिर्भर वनाउने ।
- च्याउको उत्पादनमा नयाँ प्रबिधि र उन्नत जातहरुको खेतिको आधारहरु विस्तार गर्ने ।
- च्याउ खेतीमा कृपक समुह, कृषि सहकारी तथा कृषि फर्महरुलाई आकर्षित गरि एकीकृतरुपमा च्याउ खेति विस्तार गर्ने ।
- च्याउको अन्तरिक उपभोगमा वृद्धि गराई खाद्य पोषणमा सुधार ल्याई जनचेतनामुलक कार्यमा अनुदान उपलब्ध गराउन ।
- व्यवसायिक च्याउखेति गर्न आवश्यक पर्ने च्याउको बिउ,डुमहाउस निर्माण,च्याउको कच्चा पदार्थ तथा अन्य आवश्यक सामग्री कृपकहरुलाई अनुदानमा उपलब्ध गराई च्याउ खेति प्रति कृपकको उत्प्रेरणा जगाउन ।
- यस गाउँपालिका भित्रका उत्पादित च्याउहरुलाई लेबलिंग तथा उत्पदानोपरान्त क्रियाकलापहरुमा मूल्य शृंखलाको बिभिन्न प्रबिधिहरुको हस्तान्तरण गर्न ।
- च्याउ खेतीमा देखापर्ने रोग तथा किराहरुको न्यूनीकरण तथा व्यवस्थापनका तरिकाहरु एकीकृत वाली संरक्षणका प्रविधि अपनाई रोग र किराको प्रभावबाट बढ्ने लागत न्यूनीकरण गर्न ।

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

- अनुसन्धानबाट बिकसित भएका नयाँ प्रविधिहरु कृषकहरुलाई हस्तानान्तरण गर्न तालिम लगायतको जनचेतना मुलक कार्यक्रम गर्ने ।

४. **कार्यक्रम कार्यान्वयन गर्न पर्ने आवश्यकता र प्राथमिकताको तथ्यपुरक पुष्टयाईः-**

यस तिनाउ गाँउपालिकामा कुल जनसंख्याको ८०.९% कृषकको जनसंख्या रहेको छ । तिनाउ गाँउपालिकाको कुल २०२ वर्गकिलोमिटर क्षेत्रफल मध्ये १७.६ वर्ग किलोमिटर खेतीयोग्य जमिन रहेको छ । यस तिनाउ गाँउपालिका भित्र कुल ८५ जना मौरीपालक कृषकले लगभग ७०० घारमा मौरी पाल्दै आएको तथा विधिवत रुपमा दर्ता रहेका ३ वटा मौरी घार उद्योग, कृषक समुह कुल ८७ वटा, कृषि सहकारी १३ वटा, तथा ९० वटा कृषिसंग सम्बन्धि फार्महरुको आवश्यकता तथा माग अनुरुप तिनाउ गाउँपालिकाको स्थानीय स्रोतपुंजीबाट पूर्णरुपमा सम्बोधन हाल सम्म गर्न नसकिएको हुँदा गाउँपालिकाको नीति अनुरुप खेति योग्य बाझोजग्गा उपयोग,बजार संजालको विस्तार, सिंचित क्षेत्रविस्तार, चरन क्षेत्र विस्तार र कृषिमा आश्रित गरिवी निवारण तथा रोजगार वृद्धि गर्न सकिएको छैन। यस तिनाउ गाँउपालिकाको ६ वटै वडाको कृषि क्षेत्रको आवश्यकता भिन्न भिन्न भौगोलिक क्षेत्रको आधारमा फरक फरक बाली बस्तुको क्षेत्र विस्तार तथा प्रवर्द्धन गर्ने कार्यक्रम विगतको आर्थिक बर्षहरु वाट माग हुदै आएको छ ।

**यस कार्यक्रमको आवश्यकताहरु तपसिलका छन् ।**

- एपिस सेरेनाको संरक्षण र प्रजातीय सुधार गरि मौरी गोला विस्तार गर्न ।
- मौरी चरन क्षेत्रको सर्वेक्षण गरि चरण क्षेत्र तोक्न ।
- मौरी पालकहरु आफ्नो सेरोफेरोमा उत्कृष्ट मौरी चरन हुने वनस्पति लगाउन प्रोत्साहन गर्न ।
- मह उत्पादन ,विकासमा असल मौरी पालन अभ्यास अवलम्वन गर्नको लागि प्रोत्साहित गर्न ।
- मह उत्पादन, संकलन, प्रशोधन, ओसार पसार भण्डारण गर्ने उद्यमीहरुको लागि औजार उपकरण भाडा वर्तनमा प्रोत्साहन अनुदान दिन ।
- परम्परागत उत्पादनका अतिरिक्त पर्याप्त पुर्वधार तथा प्रविधि हस्तान्तरणको लागि मौरीपालन सम्वन्धी तालिमका अवसरहरु प्रदान गर्न ।
- महको भौतिक तथा वनस्पतिक स्रोतको मौरीको प्रजाति र मह काढ्ने विधिको आधारमा महलाई लेबलिंग गर्न कृषकलाई प्रोत्साहन गर्न ।
- तुलनात्मक लाभका आधारमा मौरिपालनको विकास र विस्तारमा सघनता र तीव्रता ल्याउन विधमान अनुदानको स्तर वृद्धि गर्न ।
- रानी उत्पादन ,वैकिंग र आपूर्ति गर्न गर्न चाहने क्षमतावान उत्साही उधमिहरुलाई रानी व्यवस्थापन सामाग्री आयात गर्न र व्यवसाय स्थापना गर्न विशेष अनुदान सहित प्रोत्साहित गर्न।


हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

५. कार्यक्रममा सहभागी हुन सक्ने सम्भावित लाभग्राहीको बिस्तृत विवरणः

तिनाउ गाउँपालिकाको कार्यालयले आ.व.२०८०/०८१मा गरेको किसन सूचीकरणको प्राप्त तथ्यांक अनुसार यस गाउँपालिका भित्र कुल ३२५३ कृषक घर परिवारको संख्या रहेको छ यस प्रस्तावना मार्फत आउने कार्यक्रमहरुबाट तपसिल बमोजिमको वडागत लाभग्राही हुने छन ।

| क्र.स. | वडा नम्बर | जम्मा कृषक घरधुरी | कैफियत |
|---|---|---|---|
| १ | १ | ९१७ | |
| २ | २ | ५६७ | |
| ३ | ३ | ४७८ | |
| ४ | ४ | ३९७ | |
| ५ | ५ | ४८४ | |
| ६ | ६ | ६९१ | |
| | जम्मा | ३५३४ | |




६. यस कार्यक्रमले प्रत्यक्ष योगदान पुर्याउने बुंदाहरुः

क) दिगो विकासको लक्ष्यः-

- दिगो विकासको लक्ष्य नं. १ गरिबी अन्त्य हुनेछ ।
- दिगो विकासको लक्ष्य नं. २ भोकमरी अन्त्य हुनेछ ।
- दिगो विकासको लक्ष्य नं. ३ स्वास्थ्य जीवनको सुनिश्चितता हुनेछ ।

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

- दिगो विकासको लक्ष्य नं. १२ दिगो उपयोग र उत्पादन ।
- दिगो विकासको लक्ष्य नं. १३ जलबायु परिवर्तनको प्रभाव न्यूनिकरण ।
- दिगो विकासको लक्ष्य नं. १५ दिगो पर्यावरणिय प्रणाली ।

दिगो विकासका यी लक्ष्यहरु पुरा गर्नको निमित्त यो कार्यक्रम गर्न अत्यावश्यक छ ।

जलबायु परिवर्तनको प्रभाव न्यूनिकरण

**ख) १६ औ योजनाः-**

- १६ औ योजनाले राखेको योजना अवधिको औषत लक्ष्य अनुरुप आर्थिक बृद्दिदर ७.१% कृषि क्षेत्रको आर्थिक बृद्दिदर ४.०% गैर कृषि क्षेत्रको आर्थिक बृद्दिदर ८.०% योगदान पुर्याउने लक्ष्य पुरा गर्नको लागी यो कार्यक्रम अत्यावश्यक छ।

**ग) लुम्बिनी प्रदेशको आवधिक योजनाः-**

योजनाले परिदृश्य गरेको सोच तथा लक्ष्य प्रास गर्न कृषि क्षेत्रमा देहाय बमोजिमका उद्देश्य निर्धारण गरेको छ ।

- कृषि, उद्योग र पर्यटन क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धि लक्षित वृहत रोजगारी र उद्यमशिलताको विकास गर्ने उद्देश्य लिएकोले यो कार्यक्रम अत्यावश्यक छ ।

**घ) तिनाउ गाउँपालिकाको आवधिक योजनाः-**

गाउँपालिकामा रहेको कुल क्षेत्रफल मध्ये १७.६ वर्ग कि.मि खेतीयोग्य जमिन रहेको छ । सिंचित जमिनको सही र पूर्ण सदुपयोग नहुँदा खाद्यान्न, तरकारी, अमृसो, तेजपात, बेसार र अन्य कृषिजन्य उपजहरू आयात गर्नुपर्ने हुन्छ जसले गर्दा परनिर्भरता बढ्न जान्छ । तसर्थ गाउँपालिकालाई कृषि र खाद्यान्न उत्पादनमा सवल बनाउन सके आर्थिक क्षेत्रमा उल्लेख्य सुधार भई निर्यात प्रवद्र्धन गर्न सकिन्छ । नदी किनारतर्फको वेसी क्षेत्र, मध्य खण्ड, उच्च पहाडी भागमा विभाजित रहेको यो गाउँपालिकाको कृषि क्षेत्र प्रत्येक वडाहरूमा फैलिएको छ । गाउँपालिकाको वेसी क्षेत्रमा वालुवा र पाँगो मिश्रीत उर्वर माटो पाइन्छ भने विभिन्न वडामा छरिएर रहेका स– साना तथा फाँटहरूजस्तै कचल, दोभान, झुम्सा, सत्यवती, कोलडाडा, मस्याम लगायतको उर्वर फाँटहरू हुन । गह्रा खेती गर्न सकिने विभिन्न वडाहरूमा रहेको केही भिरालो खेतीयोग्य जमिनमा केहिमात्रामा प्राङ्गारिक पदार्थ मिश्रित चिम्टाइलो, दोमट तथा चट्टानका टुक्रा मिश्रित माटो पाइन्छ र गह्रा खेती गर्न सकिने केही भिरालो खेतीयोग्य जमिनमा केहिमात्रामा प्राङ्गारिक पदार्थ मिश्रित चिम्टाइलो, दोमट तथा चट्टानका टुक्रा मिश्रित माटो पाइन्छ । यी क्षेत्रहरूमा समान प्रकृतिको भू-बनोट नभएकाले जलवायु अनुकूल माटोको प्रकृति अनुसार वालीनाली तथा फलफूल र तरकारीको खेती सघन रूपमा गर्नु उपयुक्त देखिन्छ । साथै यो गाउँपालिका यी सबै क्षेत्रहरूमा पशुपालनसमेतको राम्रो सम्भावना रहेको पाइन्छ ।त्यस कारण यो कार्यक्रम अत्यावश्यक छ।

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

७. सघं, स्थानिय तह र सेवाग्राही को लगानीको अनुपात र दोहोरो नपर्ने आधारः-
प्रस्तावित कार्यक्रम कार्यान्वयनको लागि आवश्यक पर्ने संघीय ऐन,नियमावली,निर्देशिका तथा कार्यविधिमा उल्लेख भए अनुसार कार्यक्रम संचालन गरिनेछ ।

दोहोरो नपर्ने आधारः-

- हालसम्म यस स्थानिय तहमा संघ, प्रदेश र स्थानिय तह बाट संचालन हुदै आएका तथा संचालनको क्रममा रहेका कृषि संग सम्बन्धित कार्यक्रमको लागी संघ, प्रदेश र स्थानिय तहको आपसि समन्वय र सहकार्यमा संचालन गर्ने गरेको र आगमी कार्यक्रम पनि सोही अनुरुप संचालन गर्दा दोहोरोपना नपर्ने गरि संचालन गरिनेछ ।

८. कार्यक्रम कार्यान्वयन गर्न सक्ने भौतिक क्षमता वा जनशक्तिः

क) भौतिक क्षमताः

- यस तिनाउ गाउँपालिका भित्रका सबै वडाहरुमा अत्यावश्यक पुर्वाधार जस्तै सडक, विजुली बत्ति, सिचाई सुविधा पुगेको साथै उत्पादित उपजको बिक्री तथा बजारिकरणको लागी सबै वडामा संकलन गरि तिनाउ कृषि उपज संकलन तथा बिक्री केन्द्र मार्फत बिक्री वितरण गर्ने व्यवस्था गरिएको छ । कार्यालय संचालनका लागि आवश्यक पर्ने सम्पुर्ण पुर्वाधारको व्यवस्था यस पालिकाले गरेको छ ।

ख) जनशक्तिः

कृषि तर्फ

१) प्राविधिक सहायक – २ जना स्थायी
२) नायव प्राविधिक सहायक – १ जना स्थायी
३) नायव प्राविधिक सहायक – २ जना अस्थायी

- 

१०.कार्यक्रम कार्यन्वयनको चुनौती र आईपर्नसक्ने जोखिम न्यूनीकरणका उपायः-
१०.१ चुनौती तथा जोखिम

क) नीतिगत चुनौती :
संघ तथा स्थानीय तहको नीति अनुरुप कार्यविधि,निर्देशिकाहरु कृषि क्षेत्रमा कार्यक्रमहरु कार्यन्वयन गर्न वृहत निर्देशन भएको हुँदा र लाभग्राहीहरुको लागि कागजी प्रक्रिया झन्झटिलो रहेकोले वुझाउन चुनौती रहेको छ ।
ख) भौगोलिक विकटता :
यस तिनाउ गाउँपालिकाको भौगोलिक क्षेत्र हेर्दा चुरे,भवार,पहाडी क्षेत्रको बनावट रहेको छ । यस स्थानीय तहमा कृषि सडकको पहुच कृषि योग्य क्षेत्रहरुमा न्यून रहेको छ

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

**ग) कृषक लाभग्राहीको शैक्षिकस्तर न्यून/ मध्यम वर्गीय :**

यस स्थानीय तहमा कुल जनसंख्याको ८०.९% कृषकहरु रहेकोमा अधिकांश कृषकहरुको शैक्षिकस्तर हेर्दा प्राथमिक तहका अथवा अशिक्षित वर्गहरुको कृषिमा संलग्नता बढी देखिन्छ।यस गाउँपालिकाका कृषिमा संलग्न कृषकहरु न्यून आयस्तरका,महिलाको वाहुल्यता रहेको मध्यम वर्गीय परिवार रहेको छ।

**घ) परम्परागत खेति प्रणालीको प्रबृत्ति :**

यस गाउँपालिका अन्तर्गतका मध्यम वर्गीय परिवारहरुको कृषकहरु भएकाले आधुनिक तथा व्यवसायिकखेति प्रणाली भन्दा परम्परागत तथा देखासिको खेतीमा बढी संलग्नता देखिन्छ। यस स्थानीय तहमा पछिल्लो बर्गको कृषक संख्या अधिक रहेको छ।

**ङ) आकाशे पानीको बढी निर्भरता :**

यस तिनाउ गाउँपालिकाको कुल खेति योग्य जमिन मध्ये करिब २९% जमिनमा मात्र बर्षेनी सिंचाई योग्य रहेको छ। तसर्थ यस गाउँपालिकाका अधिकांश कृषकहरु आकाशे पानीको भरमा रही खेति गर्न बाध्य रहेका छन् फलस्वरूप वाली सघनता कम हुनुको साथै सोचे जस्तो कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न सकिएको छैन।

**च) कृषि प्रसारको पहुँचमा कमि :**

यस स्थानीय तहको नीति तथा संघीय नीति अनुरुप कृषकहरुलाई कृषि प्रसार कार्यक्रममा शतप्रतिशत समावेश गर्ने सोच भएपनि स्थानीय तहको अन्तरिक बजेटको आभाव र संघीय कार्यक्रमको कमीले गर्दा कृषि प्रसारको पहुँचमा कृषकहरुलाई समावेश गर्न सकिएको छैन।

**छ) बाली बस्तु उत्पदनोपरान्त प्रविधि कृषकले अपनाउन नसक्नु :**

कृषकहरुले बजारको माग अनुसार आफ्नो उपजलाई प्रशोधन, पैकेजिंग, ग्रेडिंग तथा भण्डारण गर्न नसक्दा वेमौसममा वजार उपलब्धता पाउन सकेका छैनन् फलस्वरूप कृषि उपजको उचित मूल्य नपाएर व्यवसायिक बन्न सकिराखेका छैनन्।

**ज)खेति योग्य जमिनको खण्डीकारण:**

राष्ट्रिय कृषि नीति २०६१ अनुरुप खण्डित खेति योग्य जमिनलाई चक्लाबन्दी,सामुहिक खेति प्रणाली,तथा भुमि बैंकको मोडल अनुरुप जमिनको बाली सघनता तथा उत्पादकत्व बढाउन सकिराखेको छैन।

**झ) रैथाने बाली बस्तु जोगाउने सकस :**

रैथाने बाली बस्तुको उत्पादकत्व कम भएको तथा रोग र किराको प्रभाव बढी पर्ने भएको हुँदा कृषकहरुले रैथाने जात तथा बालीको खेति गर्नुको सट्टा उन्नत तथा वर्णशंकर जात बाली बस्तुको जातमा बढोत्तरी बर्षेनी गर्दै गरेका छन् फलस्वरूप रैथाने जात जोगाउन चुनौती रहेको छ।

**ञ) बढदो रोग तथा किराको प्रकोप :**

जलवायु परिवर्तनको असरले आजभोली बाली बस्तुमा नविन रोग तथा कीराको प्रभाव बढ्दो क्रममा देखिन्छ। जसले गर्दा कृषकहरुको लागत बढेर आम्दानीमा कमी हुन् गई कृषकहरु कृषिको वैकल्पिक पेशामा निर्भर पर्न परेको छ।

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

ट) घरायसी तथा प्राकृतिक स्रोतको सदुपयोगमा कमी :
कृषकहरुको लागत घटाउनको लागि स्थानीय स्तरमा उपलब्ध हुने घरायसी, प्राकृतिक स्रोतको समुचित सदुपयोग हुन् सकेको छैन । जसले गर्दा कृषकको आम्दानी र लागतको अनुपात बीच फरक कम देखिन्छ।

१०.२ चुनौती जोखिम न्यूनीकरणका उपायहरुः-

क) नीतिगत प्रष्टता :-
कार्यक्रम कार्यान्वयनको कार्यविधि बनाउँदा संघ,प्रदेश,स्थानीयको समन्वय गरि प्रक्रियामुखी नवनाई कृषकमैत्री तथा कार्यान्वनको सरल तथा सहजप्रक्रियावाट कार्य सम्पादन हुन सक्ने कार्यविधि बनाउनु पर्छ । कुनै ऐन, नियमावली , कार्यविधि तथा निर्देशिका संघ, प्रदेश, स्थानीयको बाझिएमा संघीय नियम अनुसार कार्यान्वयन हुनेछ ।

ख) भौगोलिक विकटताको सदुपयोग गर्ने :-
भौगोलिक विकटतालाई मध्येनजर राखी कृषि सडक संजालको विस्तार गरि सम्भाव्यता अध्ययनको आधारमा ठाउँ विशेष वाली बस्तुको पकेट क्षेत्र निर्माण गरि उत्पादन उत्पादकत्व वृद्धि गर्न सकिन्छ साथै भौगोलिक वातावरणमा सुहाउदो वाली जातको प्रयोग गर्न सकिन्छ ।

ग) कृषक लाभग्राहीको शैक्षिकस्तर वृद्धिको कार्यक्रम बनाउने :
कार्यक्रम अनुसारको वाली वस्तु उत्पादन गर्नको लागि आवश्यक पर्ने न्युनतम ज्ञान प्रविधिहरु कृषकको आवश्यकता अनुसार अभिमुखीकरण तालिम,प्रविधि प्रदर्शन,कृषक पाठशाला आदिको माध्यमबाट कृषकहरुको ज्ञान, सिप र धारणामा सकारात्मक परिवर्तन आउने खालको श्रब्य दृश्य सामग्रीको प्रयोग गरि कृषकको अनौपचारिक शैक्षिकस्तरमा वृद्धि गर्न सकिन्छ ।

घ) आधुनिक खेति प्रणालीको विकास गर्ने :
यस तिनाउ गाउँपालिका भित्र प्रचलित परम्परागत खेति प्रणालीलाई अभिमुखीकरण तालिम,प्रविधि प्रदर्शन,कृषक पाठशाला आदि प्रसारका मध्यम अपनाई अनुसन्धानबाट विकसित भएका नविनतम प्रविधिहरु कृषकलाइ हस्तान्तरण गराई व्यवसायिक र बजारमुखी खेति प्रणालीमा रुपान्तरण गर्न सकिन्छ ।

ङ) आकाशे पानीको बढी निर्भरता घटाउने :
यस गाउँपालिका भित्र सिंचाईका विभिन्न प्रविधिहरु जस्तै आकाशे पानी संकलन,स्प्रिकल सिंचाई,थोपा सिंचाई,प्लास्टिक पोखरी, मल्चिंग प्लास्टिक कुलोको निर्माण गरि सम्भवतः सबै खेति योग्य जमिनमा बर्षेनी सिंचाईको प्रायोग गरि सिंचित क्षेत्र विस्तार गर्ने ।

च) कृषि प्रसारको फैलावटमा वृद्धि गर्ने :
सरकारी निकायबाट संचालनहुने कार्यक्रमहरुमा कृषकको पहुँच हालको परिपेक्षमा झन्डै २०% मात्र रहेको देखिन्छ । कागजी प्रक्रियालाई सहज तथा सरल बनाई डिजिटल प्रविधिको उपयोगमा वृद्धि गराई सूचना तथा जानकारीहरु कृषकको घर आँगनमा पुर्याउन सफटवेयरको निर्माण गरि कृषक मैत्री प्रसार प्रविधिको उपयोग गर्नु पर्छ ।

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

छ) बाली बस्तु उत्पदनोपरान्त प्रबिधि कृषकलाई हस्तान्तरण गर्ने :

निर्वाहमुखी कृषि प्रणालीलाई बजारमुखी तथा व्यवसायिक खेति प्रणालीमा रुपान्तरण गर्न कृषकहरुलाई पायक पर्ने ठाउँमा भण्डार निर्माण,क्यारेट वितरण,संकलन केन्द्र निर्माण,कृषि एम्बुलेन्सको प्रयोग,बाली बस्तुको लेवलिङ्ग,ग्रेडिंग,पैकेजिंग तथा उपजलाई बजारमुखी वनाई मूल्य अभिबृद्धि गर्नुको साथै कृषकको आम्दानीमा वृद्धि गर्न सकिन्छ ।

ज)खेति योग्य जमिनको खण्डीकारणलाई एकीकृत गर्न :-

यस तिनाउ गाउँपालिका क्षेत्र भित्र टुक्रिएर रहेका खेति योग्य जमिनलाई भू-उपयोग नीति २०७२ अनुसार जमिनको वैज्ञानिक व्यवस्थापन प्रणाली द्वारा चक्लावन्दी खेति तथा सामुहिक खेति गरि खेर गईरहेको जमिनको उपयोगमा जोड दिई बालीको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गर्न सकिन्छ ।

झ) रैथाने बाली बस्तु प्रवर्द्धन :

यस स्थानीय भित्र रहेका रैथाने बालीहरु जस्तै : लग्दुवाली आलु,कालो झिनुवा धान,कोदो,फापर आदि बाली वस्तुको जिन वैंक तथा फिल्ड जिन वैक कृषकस्तरमा निर्माण गरि रैथाने जात र बालीको संरक्षण तथा सम्वर्द्धन गरि रैथाने बाली बस्तु जोगाउन सकिन्छ ।

ञ) रोग तथा किराको व्यवस्थापन :

च्याउमा लाग्ने रोग तथा किराहरुको सर्वे सर्भिलेन्स गरि प्रभावित क्षेत्रहरु लाई आर्थिक मितव्ययितालाई ख्याल गरि नियमित घार अवलोकन निरिक्षण, गरि च्याउमा लाग्ने रोगकिराको प्रभावलाई घटाउन सकिन्छ ।प्रस्तावित कार्यक्रम संचालन गरिने क्षेत्रहरुमा बाली बस्तुहरुमा प्रयोग हुने रासायनिक विषादीलाई निरुत्साहित गरि जैविक तथा घरायसी स्रोत साधनको उपयोग गरेर च्याउमा असर नपर्ने गरि बाली संरक्षण विधिहरु अवलम्बन गर्ने ।

ट) घरायसी तथा प्राकृतिक स्रोतको सदुपयोग बढाउने :

स्थानीय स्तरमा उपलब्ध स्रोत सामग्री जस्तै गोठेमल,भान्साबाट निस्केको कुहिन सक्ने बस्तु, पानी,गाई बस्तुको मलमुत्र,गन्ध आउने झारपात बाट गीति मल बनाएर बाली संरक्षण गर्न आदि कार्यहरु गरेर घरायसी तथा प्राकृतिक स्रोतको सदुपयोग गर्न सकिन्छ ।

११.कार्यक्रम अनुगमन र मुल्यांकन व्यवस्थाः

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ को ४ को (ख) ५ बमोजिम स्थानीय तहमा गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित पालिका स्तरीय अनुगमन समिति मार्फत कार्यक्रम कार्यान्वयन हुनु भन्दा अगाडी,कार्यक्रम संचालन अवधि तथा कार्यक्रम सम्पन्न पश्यात कार्यक्रमको अनुगमन र मुल्यांकन गर्ने व्यवस्था भए अनुसार गरिनेछ ।

१२. कार्यक्रम दिगो रुपमा संचालन गर्ने आधारहरु

यस कार्यक्रमको दिगोपन हुन् सक्ने तपसिलका आधारहरु लिन सकिन्छ।

हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका

❖ **कानुनी आधार :**

संघीय ऐन, नियमावली, कार्यविधिहरु अनुसार संघ, प्रदेश, स्थानीय तहको समन्वयमा कार्यक्रमको अनुगमन, कार्यक्रम कार्यान्वयन, नियमन हुने भएको हुदा कार्यक्रमको कार्यविधिमा तोकिएको लक्ष्य हासिल गर्न, गराउन तिनाउ गाँउपालिकाको कार्यालय अन्तर्गतको कृषि विकास शाखा तथा पशु सेवा शाखा लगायत सम्बन्धित शाखा तथा सरोकारवालाहरुको प्रत्येक्ष निगरानीमा कार्यक्रम संचालन हुने छ ।

❖ **प्राबिधिक आधारः**

यस तिनाउ गाँउपालिकाको कार्यालय अन्तर्गतको कृषि विकास शाखा तथा पशु सेवा शाखा दरबन्दी अनुसारको कर्मचारीहरु उपलब्ध रहेको तथा आवश्यकता अनुसार प्रदेश, संघीय कार्यालयबाट प्राविधिक सेवा लिन सक्ने प्रशस्त आधार रहेको देखिन्छ ।

❖ **उपजको बजारीकरणको आधार :**

यस तिनाउ गाँउपालिकाको स्वायत्त सँस्थाको रुपमा स्थापित कृषि उपज संकलन तथा बिक्रि केन्द्रमा बिक्रि गर्ने सुनिचित गरिएकोले कृषक उत्साहित भएर कृषि उपजको उत्पादन, उत्पादकत्व बढाउन कृषकहरु कार्यक्रमलाई दिगो बनाउन सक्छन ।

❖ **यन्त्रीकरणको आधार :** यस कार्यक्रम संचालन पश्यात साबिकको भन्दा केहि थप कृषि जन्य यन्त्र उपकरणहरु कृषकको पहुँचमा वृद्धि भएको हुनाले यन्त्र उपकरणको उपयोगमा वृद्धि भई कृषकको प्रत्यक्ष लागत घट्छ फलस्वरूप कृषकहरु दिगो रुपमा खेति संच्चालन गर्छन ।

कृषि शाखा प्रमुखः-
नामः-हेमन्त कुमार शर्मा
दस्तखतः
मितिः- २०८१/१२/०८
हेमन्त कुमार शर्मा
कृषि विकास शाखा प्रमुख

प्रमुख वा अध्यक्षको :-
नामः-प्रेम श्रेष्ठ
दस्तखतः
मितिः- २०८१/१२/०८
प्रेम श्रेष्ठ
अध्यक्ष
तिनाउ गाउँपालिका